फोन नं.: ०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
ईमेल: dado.bara@yahoo.com
वेबसाईट:- https://bara.akc.gov.np

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र
# कलैया, बारा

## कृषि मेशिनरी उकरणहरुको आपुर्तिकर्ताबाट शिलबन्दी प्रस्ताव आव्हानको सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७९।०७।१८)

यस कार्यालयको चालू आ.ब. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट संचालन हुने विभिन्न कार्यक्रम अन्तर्गत कृषि मेशिनरी यन्त्र उपकरणहरु अनुदानमा वितरण गर्ने प्रयोजनका लागि मधेश प्रदेश सरकारबाट स्वीकृत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत कृषि यान्त्रीकरण सम्बन्धि कार्यक्रम संचालन विधी, २०७७ बमोजिम यस कार्यालयबाट छनौट भएका अनुदानग्राहीलाई कृषि मेशिनरी यन्त्र उपकरणमा अनुदान दिने प्रयोजनको लागि योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपुर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मिति २०७९।०८।१८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ।

यस कार्यालयमा दर्ता भएका शिलबन्दी प्रस्तावहरु सूचना प्रकाशित भएको मितिले ३१ औ दिन मिति २०७९।०८।१८ गते दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिल्बन्दि प्रस्ताव खोलिनेछ। शिल्बन्दी प्रस्ताव खोल्ने दिन विदाँ पर्न गएमा सोको भोली पल्ट प्रस्ताव खोलिने छ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दि प्रस्ताव खोल्न बाधा पर्ने छैन। थप विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**आवश्यक कागजात तथा शर्तहरु**

१. फर्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. फर्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. पछिल्लो तीन आ.ब. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (सम्बन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने)
५. उत्पादनकर्ता कम्पनीले प्रदान गरेको आधिकारिक एजेन्टको ( Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
६. पछिल्लो आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
७. आपुर्ति गरिने कृषि मेशिनरी उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets,
८. आपुर्तिकर्तालेे आपूर्ति गर्न सक्ने कृषि मेशिनरी यन्त्र उपकरणको परिमाणको कुल रकमको न्युन्तम ५ % बराबरको १३ महिना सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०१२१०१२ तथा रा. बा. बैंक, कलैया (बारा) को धरौटी खाता नं. १२६०१००२०२०३०००० मा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।
९. आपुर्तिकर्तालेे कृषि यन्त्र उपकरणमा अनुदान कार्यक्रमका लागि सबै कृषि मेशिनरी उपकरणहरु वा आंशिक मेशिनरी उपकरणहरुको शिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

१०. सुचिकृत भएको आपुर्तिकर्ताले प्रस्तावमा पेश गरेका यन्त्र उपकरणहरुलाई किसिम (Type), क्षमता (Capacity), मोडेल (Model), ब्राण्ड (Brand), र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समुहकृत गरी उक्त समुहमा परेको न्युनतम मूल्य (Lower Rate) लाई आधार मानी मूल्य तोकिनेछ। छनौट भएका अनुदानग्राहीहरुले आफूले रुचाएको कृषि मेशिनरी यन्त्र उपकरणहरु सुचिकृत भएका आपुर्तिकर्ताबाट सम्बन्धित कृषि मेशिनरी यन्त्र उपकरणहरु खरिद गर्नेछन्।

११. यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधिनमा रहि अनुदानग्राहीबाट माँग भएको कृषि मेशिनरी यन्त्र उपकरणहरु आपुर्ति गर्नुपर्नेछ। यसरी आपुर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई कृषि मेशिनरी यन्त्र उपकरण उपलब्ध गराउनुपर्नेछ। अनुदान वापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरि यस कार्यालयबाट भुक्तानी हुनेछ।

जितेन्द्र यादव
प्रमुख (दशौं तह)